# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, वैशाख ३० गते २०५७ साल (अतिरिक्ताङ्क ५ (ङ)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय वन तथा भू-संरक्षण राज्यमन्त्री श्री मोहम्मद अफताव आलम फ्रान्सको राजधानी पेरिसको क्रोकोडायल्स पेरिलेट फार्ममा घडियाल गोही छोड्ने कार्यक्रम र केन्याको राजधानी नैरोबीमा हुने बायो–सेफ्टी प्रोटोकल विषयको पाँचौं मन्त्रीस्तरीय बैठकमा सहभागी हुने सन्दर्भमा २०५७ साल जेठ १ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको वन तथा भू–संरक्षण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय जनसंख्या तथा वातावरण राज्यमन्त्री श्री शिवराज जोशीले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीश श्री केशवप्रसाद उपाध्याय २०५७ साल वैशाख ३१ गतेदेखि जेठ १ गतेसम्म बंगलादेशको राजधानी ढाकामा हुने दक्षिण एशियाली मुलुकका प्रधान न्यायाधीश तथा न्यायाधीशहरूको क्षेत्रीय भेलामा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहभागी हुन आज त्यसतर्फ जानुभएकोले उहाँ फर्की अदालतमा हाजिर नभएसम्मको अवधिको लागि सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याललाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम कायम मुकायम प्रधान न्यायाधीश भई कामकाज गर्न तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार